आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या : ५

आज मिति २०८०/०८/२६ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकंबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री प्रमिला पौडेल प्राविधिक शाखा प्रमुख
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री सन्तोष पौडेल कार्यालय सहयोगी

(मिति २०८०/०८/२६)

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं .१ विगतका कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा/छलफल सम्बन्धमा।

निर्णय नं. १

विरुवा गाउँकार्यपालिका विभिन्न मितिमा भएका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था, प्रभावकारिता लगायत विविध पक्षहरुको समिक्षा गर्दै विगतका राम्रा पक्षलाई निरन्तरता दिदै कार्यान्वयनका क्रममा देखिएका कमि कमजोरीहरुलाई सुधार गरी आगामी दिनमा थप प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

प्रस्ताव नं .२ विभिन्न मितिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएका निर्देशन तथा सुझाव सम्बन्धमा छलफल।

निर्णय नं. २

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा भएका परिपत्र, निर्देशन तथा सुझावहरुमाथि छलफल गरी उक्त सुझावहरु कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

प्रस्ताव नं .३ महालेखा परिक्षकको कार्यालयको आ.व. २०७९/८० को प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल सम्बन्धमा।

निर्णय नं. ३

महालेखा परिक्षकको कार्यालयको आ.व. २०७९/८० को प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरुलाई सुधार गर्दै प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।साथै उक्त प्रतिवेदनमा औंल्याईएको वेरुजु नियमानुसार फर्छयौंट गर्न सम्बन्धित सवै सरोकारवालाहरुलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं .४ गाउँपालिका कार्यालयको प्रशासकीय भवनको Variation Order सम्बन्धमा।

निर्णय नं. ४

विरुवा गाउँपालिका कार्यालयको प्रशासकीय भवन निर्माणका लागि श्री गिता/क्रियटिभ जे.भी. संग मिति २०७७/०३/३० मा रु ७,६६,५६,५४२.९/- (vat & PS समेत) रकममा भवन निर्माण सम्झौता (ठेक्का

नं. NCB/BRM/AB/003/2076/77) भई निर्माण कार्य भईरहेको प्रशासकीय भवनमा निर्माणका क्रममा आवश्यकता अनुरुप भएको थप कामको सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतद्वारा नयाँ सम्झौता रकम रु ८,४०,२५,९४६.४७/- (vat & PS समेत) रहने गरी कार्यपालिकामा पेश गर्नुभएको Variation Order सम्बन्धी प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदन कार्यालयमा सुरक्षित राख्ने निर्णय गरियो

<u>प्रस्ताव नं .५</u> सडक बोर्डसंगको साझेदारीमा संचालन हुने योजना सम्बन्धमा।

<u>निर्णय नं. ५</u>

यस गाउँपालिकालाई सडक बोर्ड नेपालबाट आ.व. २०८०/८१ मा प्राप्त सडक मर्मत सम्भार अनुदानबाट यस गाउँपालिका अन्तर्गतको बेलघारी मालमुल सडकमा मर्मत कार्यमा कार्यान्वयन गर्ने र उक्त योजनामा गाउँपालिकाको कार्यालयबाट नियमानुसार साझेदारी गर्नुपर्ने रकम गाउँपालिका स्तरीय समपुरककोष बाट साझेदारी गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं .६</u> घरेलु मदिरालाई ब्रान्डीङ गर्ने सम्बन्धमा।

<u>निर्णय नं. ६</u>

यस गाउँपालिकालाई क्षेत्रभित्र उत्पादन हुने घरेलु मदिराजन्य पदार्थहरुको उत्पादन र बजारीकरणलाई व्यवस्थित गर्नका लागि उक्त उत्पादनहरुलाई ब्रान्डिङ गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

<u>प्रस्ताव नं .७</u> जनतासंग जनप्रतिनिधि तथा जेष्ठवृद्ध कार्यक्रम सम्बन्धमा।

<u>निर्णय नं. ७</u>

विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक योजना तथा कार्यक्रममा समावेश जनतासंग जनप्रतिनिधि तथा जेष्ठवृद्ध कार्यक्रमबाट विरुवा गाउँपालिका क्षेत्रभित्रका ८५ वर्ष भन्दामाथिका सवै तथा ७० वर्षभन्दा माथिका आर्थिक रुपमा विपन्न जेष्ठवृद्धाहरुको छनौट गरी न्यानो कपडा वितरण गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं .८</u> मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम सम्बन्धमा।

<u>निर्णय नं. ८</u>

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश अन्तर्गत संचालित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ अनुसार चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनका लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ को अनुसूची ३ बमोजिमको ढाँचामा परियोजना छनोट गरी अवधारणापत्र पेश गर्ने र नियमानुसार उक्त परियोजना कार्यान्वयनको लागि

CamScanner

आवश्यक पर्ने रकम गाउँपालिकाको तर्फबाट साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो। साथै उक्त कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिम सदस्य रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

संयोजक : भेषराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत
सदस्यः पिताम्बर पोखेल, प्रशासकीय अधिकृत
सदस्यः प्रमिला पौडेल, इन्जिनियर
सदस्यः सरस सरासिनी, कृषि अधिकृत छैटौ
सदस्यः प्रवेश गौतम, पशु चिकित्सक
सदस्यः शंकर चापागाई, लेखापाल
सदस्य सचिवः दिपक ढुंगाना, सहायक पाँचौ

<u>प्रस्ताव नं .९</u> सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गर्ने सम्बन्धमा।
<u>निर्णय नं. ९</u>

विरुवा गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य सेवाको सहज पहुँच नपुगेका तपसिल स्थानमा आवश्यक भौतिक संरचनाको व्यवस्थापन गरी सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गर्ने निर्णय गरियो।

तपसिल :

- विरुवा गाउँपालिका वडा नं. ३ खाली
- विरुवा गाउँपालिका वडा नं. ८ तर्ले

<u>प्रस्ताव नं १०</u> आकस्मिक रुपमा सडक खुलाउन पहिरो सफा गर्ने क्रममा भएको खर्च भुक्तानी सम्बन्धमा।
<u>निर्णय नं. १०</u>
विरुवा गाउँपालिका क्षेत्रभित्रका वर्षातका क्रममा अवरुद्ध तपसिल सडकहरु आकस्मिक रुपमा खुलाउन मेसिन चलाउने क्रममा खर्च भएको निम्नानुसारको रकम प्राविधिक मूल्याङ्कनका आधारमा आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।
तपसिलः
१. मिलनचोक रहखोला सडक रहखोला छेउडाँडा खण्ड – रु २४,७५०/-
२. मिलनचोक रहखोला सडक दह मिलनचोक खण्ड – रु २४,७५०/-

<u>प्रस्ताव नं .११</u> विविध।
<u>निर्णय नं. ११</u>

क. विरुवा गाउँपालिका स्थानीय खेलकुद विकास समितिद्वारा संचालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलमा सहभागी हुने क्रममा घाईते हुन पुगेका विरुवा गाउँपालिका वडा नं ४ स्थित भविश्य निर्माण मा.वि. मा अध्ययनरत विद्यार्थी श्री लवसन सुनारलाई रु. २५,००० (अक्षरुपी पच्चीस हजार मात्र) उपचार खर्च स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

ख. खाली विरुवा सडक निर्माण रोक लगाउन परेको निवेदन माथि छलफल गरियो, उक्त सडक निर्माण रोक लगाउनकोको लागि निज निवेदन श्री सुशिल कुमार उपाध्यायले यस अघी कार्यालयलाई विपक्षि बनाई उच्च अदालत, पोखरामा रिट निवेदन दिएकोमा अदालतद्धारा उक्त रिट खारेज गरि कार्यलयको पक्षमा फैसला समेत भएको हुदा उक्त फैसला कार्यान्वयन गर्दै सडक निर्माण प्रक्रियालाई लागत अनुमान र सर्वेक्षण बमोजिम नै अगाडि बढाउने निर्णय गरियो ।

ग. विरुवा गाउँपालिका भित्रका विभिन्न खानेपानी मुलहरुको अध्ययन गर्नको लागि भुगर्भशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविद्यालय, काठमाण्डौमा अध्ययनरत श्री प्रविन बुढाथोकीले निवेदन पेश गर्नु भएकोमा निजलाई अध्ययन पछि प्रतिवेदन पशे गरे पश्चात रु. ५०,००० (अक्षरुपी पचास हजार मात्र) नबढ्ने गरि उपलब्ध गराउने निर्णय गरियो।

घ. विरुवा गाउँपालिका वडा १ हेगडाँडा जाने मोटरबाटो मर्मत को लागि रु. २०,००० (अक्षरुपी विस हजार मात्र) र विरुवा गाउँपालिका ६ वोडाँडा पधेरो मर्मतको लागि रु. १५,००० (अक्षरुपी पन्ध्र हजार मात्र) गाउँपालिका स्तरीय फुटकर योजना खर्च शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

ङ. विरुवा गाउँपालिका ४ नं. वडा कार्यालयको पुरानो भवन नियमानुसार भाडामा लगाउने प्रयोजनका लागि यसअघी सूचना प्रकाशन गर्दा कुनै पनि निवेदन प्राप्त नभएकोले यसअघी कायम गरिएको मासिक भाडा रकम रु ३०००/- लाई रु २०००/- कायम गरी पुनः सूचना प्रकासन गर्ने निर्णय गरियो।